# सार्वजनिक निजी साझेदारीमा वालउद्यान तथा पार्क निर्माण संचालन र व्यवस्थापन सम्वन्धि मनसाय पत्र पेश गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७३।०९।२९**

दमक नगरपालिकाको भोगचलनमा रहेको वडा नं. १५ स्थित चन्द्रमा वालवाटीका रहेको कि. नं. १४५ को ज.वि. ६–६–१८.५ जग्गामा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५७ वमोजिम सार्वजनिक निजी साझेदारीको अवधारणामा वालउद्यान तथा पार्क निर्माण, संचालन र व्यवस्थापन ३० ( तिस ) वर्ष करार सम्झौता गर्ने गरी लिजमा दिनुपर्ने भएकोले इच्छुक दर्तावाला संस्था, तथा फर्महरूलाई तपशिलको शर्त वन्देजमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिलवन्दी मनसाय पत्र पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. मनसायपत्रदाताले मनसाय पत्र पेश गर्ने निकायको नाम ठेगाना र सम्पर्क नम्वर सहीत मनसाय पत्र पेश गर्ने निकायको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक प्रस्ताव छुटटा छुटटै खामवन्दी गरी पेश गर्नु पर्नेछ । प्राविधिक प्रस्तावमा परियोजना निर्माण तथा सञ्चालन सम्वन्धि अनुभव प्रष्ट संग उल्लेख भएको हुनु पर्नेछ ।

२. प्राविधिक प्रस्तावको मुल्यांकन पश्चात स्वीकृत मनसायपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

३. कानुन वमोजिम दर्ता भई सञ्चालनमा रहेको संघसंस्था, सामुदायिक संस्था तथा फर्म वा सामुहीक रूपमा कार्य गर्ने भए कार्यआदेश पाउनु अघि कानुन वमोजिम कम्पनीको रूपमा दर्ता प्रत्याभूति पत्र पेश भएको हुनु पर्नेछ ।

४. मनसाय पत्र साथ कम्पनी, संस्था, दर्ताको कागजातहरू अनिवार्य रूपमा पेश भएको हुनु पर्नेछ ।

५. मनसाय पत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा दमक नगरपालिका कार्यालयमा कार्यालय समय भित्र दर्ता भई सक्नु पर्नेछ ।

६. मनसाय पत्रमा वालउद्यान तथा पार्क निर्माण, संचालन र व्यवस्थापन सम्वन्धि उल्लेखित जग्गाको प्रकृति अनुसारको विस्तृत डिजाईन, जमिन लिजमा लिए वपत मासिक रूपमा नगरपालिकालाई बुझाउने रकम, व्यवस्थापकिय संगठन संरचना, कार्य प्रकृया र प्रणाली, लाभ, लागत र जोखिम विभाजन सम्वन्धि विवरण, सेवाप्रवाह, शुल्क, दस्तुरको अनुमानित अधिकतम तथा न्यूनतम सिमा सहितको विस्तृत कार्ययोजना उल्लेख भएको हुनुपर्नेछ ।

७. दर्ता भएका मनसाय पत्रहरू मध्ये नगरपालिकाले अध्ययन तथा विश्लेषण गरि उपर्युक्त मनसायपत्रदाता छनौट गर्नेछ ।

८. दर्ता भएका मनसाय पत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकामा निहीत रहनेछ ।

९. यस सम्वन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समयमा दमक नगरपालिका कार्यालयमा सम्पर्क राखि जानकारी लिन सकिने छ ।

**दमक नगरपालिका कार्यालय**
**दमक, झापा**